# सुन्दरहरैंचा नगरपालिका
SUNDARHARAINCHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
विराटचौक, मोरङ
Biratchowk, Morang
१ नं प्रदेश, नेपाल
Province No. 1, Nepal

सुन्दरहरैंचा नगरपालिका नगरकार्यपालिकाको कार्यालय मोरङ, प्रदेश नं. १, नेपाल २०७३

गोपालप्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

## सुन्दरहरैंचा नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

यस नगरकार्यपालिकाको कार्यालयबाट मिति २०७७/०४/२१ गते प्रकाशित सूचनाबाट गरिएको बन्दाबन्दी (लकडाउन) नोबेल कोरोना भाईरस (Covid-19) को संक्रमण दिनानुदिन बढ्दो क्रममा रहेकोले मिति २०७७/०४/३२ गतेको निर्णयले मिति २०७७ भाद्र ७ गते रात्रि ११:५९ बजे सम्मका लागि तपसिल बमोजिम हुने गरि लकडाउनलाई निरन्तरता दिने निर्णय गरेको हुँदा उक्त निर्णयको कार्यान्वयन गर्न/गराउनु हुन सम्पूर्ण महानुभावहरुलाई निर्णयानुसार अनुरोध छ ।

- विपद व्यवस्थापन, स्वास्थ्य, कृषि र पशुपंक्षि शाखा सँग सम्बन्धित रही प्रवाह गरिने सेवा बाहेकका नगरकार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु बन्द रहने।
- यस नगरपालिका क्षेत्र भित्र लाग्ने साप्ताहिक हाटबजार अर्को निर्णय नभएसम्मका लागि पूर्ण रुपमा बन्द गर्ने ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका सरकारी कार्यालय, बैंक, वित्तीय संस्था, सहकारी संस्था, तथा गैर सरकारी संस्थाबाट प्रवाह हुने सेवा प्रवाह बन्द गर्न/गराउनु हुन ।
- सुन्दरहरैंचा नगरपालिका क्षेत्र भित्र रहेका ब्यापार/ब्यवसायहरुको हकमा निम्न बमोजिम हुने ।
  - *दुग्धडेरी विहान ४ बजे देखी विहान ८ बजे सम्म मात्र खुल्ला रहने ।*
  - *अस्पताल एवम औषधिजन्य पसलहरु २४ घण्टा खुल्ला रहने ।*
  - *पेट्रोल पम्प, खानेपानी, मलखाद तथा भेटनरी पसल खुल्ला रहने*
  - *माथि उल्लेखित बमोजिमका ब्यापार/ब्यवसाय बाहेकका सबै प्रकारका ब्यापार/ब्यवसाय बन्द रहने ।*
- दिर्धरोगी, जेष्ठ नागरिक र १२ वर्ष मुनिका बालबालिकालाई घरबाहिर निस्कन पूर्ण रुपमा बन्द गर्ने। अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने ।
- सार्वजनिक यातायातका साधनहरु पूर्ण रुपमा बन्द रहने ।
- हिन्दु महिलाहरुको महान चाड हरितालिका तिजको अबसरमा गरीन भेला, समारोह, भोजभतेर, सांस्कृतिक कार्यक्रम सञ्चालन नगर्ने । साथै गरेको पाईएमा कानुन बमोजिम कारवाही हुने ।

मितिः २०७७ श्रावण ३२ गते आईतवार